दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

सम्पदा जोगाऔं, पहिचान बचाऔं ।

- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं ।
- सम्पदा क्षेत्रमा फोहोर नगरौं ।
- पुरातात्विक तथा धार्मिक स्थलहरूमा तोडफोड वा क्षति नपुर्‍याऔं ।
- स्थानीय संस्कृति, परम्परा र मूल्य-मान्यताको सम्मान गरौं।
- सम्पदा क्षेत्रको संरक्षणसम्बन्धी नियम तथा निर्देशनहरूको पालना गरौं ।
-पर्यटक तथा आगन्तुकहरूलाई सम्पदाको महत्वबारे जानकारी गराऔं
- अनधिकृत निर्माण तथा अतिक्रमणबाट सम्पदालाई जोगाऔं ।
-पुराना सम्पदाहरूको मर्मत-सम्भार र संरक्षणमा समुदायको सक्रियता बढाऔं । सम्पदा जोगाउनु हाम्रो कर्तव्य हो ।

नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष ३८ | अंक १२४ | बुटवल | २०८३ बैशाख २१ गते, सोमबार | नेपाल संवत ११४६ | Monday May 04, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# बुटवलमा हजारौं भूमिहीन र अव्यवस्थित बसोवासीको विरोध प्रदर्शन

**सरकारले जबर्जस्ती बस्ती हटाउन खोजे जिल्लाभरका ८० हजार घरधुरी एकजुट भएर सशक्त आन्दोलनमा उत्रिने संघर्ष समितिको चेतावनी छ।**




**लुम्बिनी संवाददाता**
*बुटवल*

बुटवल रानीगञ्ज क्षेत्रका हजारौं भूमिहीन र अव्यवस्थित बसोवासीहरूले बालेन्द्र सरकारको डोजर आतंकको विरोधमा वृहत् प्रदर्शन गरेका छन् ।

बुटवल १७ रानीगञ्जमा भेला भएका ८ वटा टोलका बासिन्दाले प्रधानमन्त्री बालेन शाहको राजीनामा समेत मागेका छन् ।

प्रदर्शनमा सहभागीहरुले डोजर आतंक बन्द गर, भूमिहीन र अव्यवस्थित बसोवासीलाई जबर्जस्ती हटाउने काम बन्द गर, गरिबलाई बाँच्न दे, गास-बास-कपासको सुनिश्चित गर, बालेन सरकार राजीनामा देलगायतका प्लेकार्ड बोकेर प्रदर्शन गरेका थिए ।

प्रदर्शनपछि उनीहरूले बुटवलका नगर प्रमुख खेलराज पाण्डेयलाई ज्ञापनपत्र समेत बुझाएका छन् । बस्ती बचाउ संघर्ष समितिले नगरप्रमुख पाण्डेयलाई पाँच बुदे ज्ञापनपत्र बुझाएको हो ।

ज्ञापनपत्रमा भोगचलन र बसोबास जहाँ छ, त्यही नै बस्न पाउनु पर्ने मुख्य माग रहेको छ । यस्तै स्थानीय सरकार, औद्योगिक क्षेत्र व्यवस्थापन लि.लगायत सरोकारवालासँग बस्ती नभएको खाली क्षेत्रमा मात्र औद्योगिक क्षेत्र बनाउन भएको सम्झौता कार्यान्वयन गर्न संघर्ष समितिले माग गरेको छ ।

यस्तै वि.सं. २०७३ साल भदौ ५ गते रुपन्देहीका तत्कालीन प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद ढकालसँग भएको सम्झौता लागु गर्न र मोतीपुर औद्योगिक क्षेत्र स्थापना गर्दा विस्थापित हुन सक्ने परिवारको व्यवस्थापन गरेरमात्र काम अगाडि बढाउन संघर्ष समितिले माग गरेको छ। वर्षौंदेखि बसोबास गर्दै आएका भूमिहीन र अव्यवस्थित बसोवासीलाई जग्गा धनी प्रमाण पुर्जा उपलब्ध गराउन संघर्ष समितिले माग गरेको छ । ज्ञापनपत्र बुझेपछि नगर प्रमुख खेलराज पाण्डेयले बस्तीलाई सुरक्षित राखेर मोतीपुर औद्योगिक क्षेत्र निर्माण गरिने भन्दै विगतमा भएका सहमतिअनुसार स्थानीय बासिन्दालाई विस्थापित नगरिने आश्वासन दिए ।

निर्माणाधीन मोतीपुर औद्योगिक क्षेत्र प्रभावित बस्तीका बासिन्दालाई नगर प्रमुख पाण्डेयले विगतमा औद्योगिक क्षेत्र व्यवस्थापन लि.सँग बुटवल वडा नं. १७ र १८ को बस्तीलाई नचलाउने (नहटाउने) गरी जग्गाको सिमांकन गरिएकाले रानीगञ्जको बस्ती विस्थापित नगर्नेमा उपमहानगर प्रतिबद्ध रहेको बताए । 'रानीगञ्जलाई विस्थापित गरेर मोतीपुर औद्योगिक क्षेत्र सम्भव छैन ।'- नगर प्रमुख पाण्डेयले भने । औद्योगिक क्षेत्रका लागि हालसम्म बस्ती नरहेको २६० बिघा क्षेत्रफल जग्गाको मात्र टुंगो लागेको हुँदा रानीगञ्जको बस्ती यथावत रहने नगर प्रमुख पाण्डेयले जानकारी गराए ।

विगतमा स्याटेलाइटबाट ८१३ बिघा नापजाँच गरे पनि त्यसमा बस्ती र तिनाउ नदी क्षेत्र समेत परेकाले त्यो नापजाँचअनुसार औद्योगिक क्षेत्र बनाउन सम्भव नभएको पाण्डेयले प्रष्ट पारे ।

नगर प्रमुखलाई ज्ञापनपत्र बुझाउनु अघि भएको पत्रकार सम्मेलनमा संघर्ष समितिका सल्लाहकार टंकप्रसाद न्यौपानेले केन्द्र सरकारले बस्ती खाली गर्न निर्देशन दिएको दिनदेखि बस्तीका नागरिक कोही सुत्न नसकेको बताए । उनले प्रधानमन्त्री बालेन्द्र शाहको ठाडो निर्देशनमा पत्र पठाएर जनतालाई आतंकित बनाएको गुनासो गरे ।

उनले प्रधानमन्त्री शाह तानाशाही शैलीमा अघि बढेका र भूमिहीन सुकुम्वासीलाई मान्छे नै होइनन् भन्ने गरेको आरोप लगाउँदै आक्रोश पोखे । स्थानीय बासिन्दासँग छलफल नै नगरी सरकारले बस्ती, विद्यालय, मन्दिर, जन रहेको जग्गालाई औद्योगिक क्षेत्रको नाममा भोगाधिकार दिएको हुँदा स्थानीयले विरोध गरेकै कारण १० वर्षसम्म औद्योगिक क्षेत्रको काम अघि बढ्न नसकेको उनले बताए ।

बुटवल उप-महानगरभित्र गत असार मसान्तसम्मको तथ्यांकअनुसार १६ हजार ८७४ परिवार भूमिहीन र अव्यवस्थित रहेकामा १० हजार ६ सय १६ जनाको जग्गा नापजाँच गरी अधिकांशको नक्सा तयार भएको थियो ।

» बाँकी ३ पेजमा

## भूमिकास्थानमा आइतबार विद्यालय सञ्चालन निर्णय कागजमै सीमित

अर्घाखाँची । भूमिकास्थान नगरपालिकामा आइतबार विद्यालय सञ्चालन गर्ने निर्णय कागजमै सीमित बनेको छ। नगर कार्यपालिकाले नियमित पठनपाठन सुदृढ गर्ने उद्देश्यले आइतबार समेत विद्यालय खोल्ने निर्णय गरे पनि अधिकांश विद्यालयमा शिक्षकहरू अनुपस्थित हुँदा विद्यार्थीहरू गेटमै अलपत्र परेर घर फर्किन बाध्य भएका छन् ।

आइतबार बिहानै उत्साहका साथ विद्यालय पुगेका विद्यार्थीहरूले गेटमा ताला लागेको र शिक्षकको उपस्थिति नभएको देखेपछि निराश हुँदै फर्किनुपरेको स्थानीयहरूले बताएका छन् ।

यस घटनाले अभिभावकहरूमा समेत व्यापक आक्रोश पैदा भएको छ। नगरपालिकाले आइतबार विद्यालय सञ्चालन गर्ने निर्णय सार्वजनिक गरेपछि अभिभावकहरू सकारात्मक देखिएका थिए ।

तर व्यवहारमा शिक्षकहरूको बेवास्ता र अटेरीका कारण उक्त निर्णय प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेन । नगरप्रमुख झविलाल थापाले शिक्षकहरूले नगर कार्यपालिकाको निर्णयको अवहेलना गर्दै विद्यालय बन्द गरेको आरोप लगाउँदै कुनै पनि हालतमा कार्यपालिकाको निर्णय कार्यान्वयन गरिन्छ ।

निर्णय नमान्ने विद्यालय तथा शिक्षकमाथि अनुगमन गरेर कारबाही गर्ने उनले बताए । उनले नगरपालिकाले शिक्षा क्षेत्रमा उल्लेखनीय लगानी गरे पनि अपेक्षित प्रतिफल नआएको गुनासो गर्दै सुधारका लागि नै आइतबार समेत विद्यालय सञ्चालन गर्ने निर्णय गरिएको स्पष्ट पारे ।

यता, शिक्षकहरू भने निर्णयप्रति उदासीन देखिएका छन् । विद्यार्थीहरूको शैक्षिक नतिजा कमजोर बन्दै जाँदा पनि जिम्मेवारी बहन नगरी उल्टै विद्यार्थी र अभिभावकलाई दोष थोपर्ने प्रवृत्ति बढ्दै गएको स्थानीय अभिभावकहरूको आरोप छ ।

“विद्यालय नखोल्ने, पढाइ नहुने अनि रिजल्ट बिग्रियो भनेर हामीलाई नै दोष दिने यो कस्तो न्याय ?” भन्दै अभिभावकले आक्रोश व्यक्त गरेका छन् ।

स्थानीयहरूका अनुसार शिक्षकहरूको लापरबाही र गैरजिम्मेवार व्यवहारले शिक्षा क्षेत्र थप संकटमा पर्ने खतरा देखिएको छ । अब नगरपालिका कति कडा रूपमा प्रस्तुत हुन्छ र शिक्षकहरू जिम्मेवार बन्छन् कि बन्द कोठामै सीमित रहन्छन् भन्ने विषयमा सबैको ध्यान केन्द्रित भएको छ ।

## नागरिकलाई बेघरबार बनाउने काम बन्द गर : मुख्यमन्त्री आचार्य




बुटवल । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सुकुम्वासी समस्या समाधान गर्ने नाममा नागरिकलाई बेघरबार बनाउने काम भइरहेको टिप्पणी गरेका छन् ।

प्रगतिशील लेखक संघ रुपन्देहीद्वारा आइतबार बुटवलमा आयोजित नेकपा एमाले लुम्बिनी प्रदेशसभा संसदीय दलका उपनेता भोजप्रसाद श्रेष्ठद्वारा लिखित 'अठोट' पुस्तकको लोकार्पण कार्यक्रममा बोल्दै मुख्यमन्त्री आचार्यले यस्तो बताएका हुन् ।

उनले भूमिहीन र सुकुम्वासीको समस्या समाधान नागरिकलाई विस्थापित गरेर सम्भव नहुने स्पष्ट पारे । 'पहाडबाट झरेर यहाँ बसोबास गरेका, मेहनत गरेर घडेरी जोहो गरेका र विदेश गएर घर बनाएका मानिसहरु अव्यवस्थित बसोवासी हुन् । उनीहरुलाई हुकुम्वासीको नाम दिएर जबरजस्ती घरमाथि डोजर चलाउने काम भइरहेको छ,' उनले भने-'अब यस्ता नागरिकको अवस्था के हुने भन्ने गम्भीर प्रश्न खडा भएको छ ।'

मुख्यमन्त्री आचार्यले अव्यवस्थित बसोबासलाई आधार बनाएर नागरिकलाई अलपत्र पार्ने काम राज्यको जिम्मेवारी नभएको उल्लेख गरे । 'रुपन्देहीको अवस्था के हुन्छ ? नागरिकलाई अलपत्र पार्ने, किल्लिबाठ बनाउने काम राज्यले गर्न मिल्छ ?' -उनले प्रश्न गरे ।

उनले अव्यवस्थित बसोवासीलाई पुराना राजनीतिक दलका कार्यकर्तासँग जोडेर गलत व्याख्या गर्न खोजिएको भन्दै यस विषयमा बुद्धिजीविहरुले आवाज उठाउनुपर्ने बताए ।

कार्यक्रममा मुख्यमन्त्री आचार्यले विगत दशकमा मुलुकको विकास र समृद्धिमा उल्लेख्य प्रगति भएको दाबी गर्दै विकासको प्रभावकारी मोडल प्रस्तुत गर्ने व्यक्तिका रूपमा लेखक भोजप्रसाद श्रेष्ठको प्रशंसा गरे । 'नगर प्रमुख रहँदा उहाँले देशकै ध्यान आकर्षित गर्ने गरी काम गर्नुभयो । नतिजा दिने नेताको रूपमा उहाँ स्थापित हुनुभएको छ,' उनले भने-'भोजप्रसाद श्रेष्ठको अनुभव र क्षमतालाई सही ढंगले उपयोग गर्न सके लुम्बिनी प्रदेशलाई ठूलो लाभ पुग्छ ।' उनले 'अठोट' पुस्तकलाई प्रेरणादायी कृति भएको उल्लेख गर्दै विशेषगरी युवा पुस्ताले यस्ता कृतिबाट सिकेर अघि बढ्नुपर्ने धारणा राखेका थिए ।



# सम्पादकीय

## सरकार लिपुलेकबारे बोल्नुपर्छ

भारतको विदेश मन्त्रालयले लिपुलेक हुँदै सन् २०२६ को कैलाश मानसरोवर यात्राको घोषणा गरेको छ । भारत र चीनले नेपाली भूमि लिपुलेकलाई व्यापारिक नाकाका रूपमा प्रयोग गर्ने सहमति गरेसँगै भारतको यो घोषणा भएको हो । भारतको यो घोषणाप्रति नेपालको मौनता अस्वभाविक छ । लिपुलेक नेपालको भूमि हो, यो भूमिमा भारत र चीनले गर्ने जुनसुकै क्रियाकलापप्रति नेपालको प्रष्ट विमति हुनुपर्छ । तर सरकारको रहस्यमय मौनताले नेपाली भूमि थप अतिक्रमणलाई बल पुगेको छ ।

भारतीय विदेश मन्त्रालयका अनुसार कैलाश मानसरोवर यात्राका लागि यो वर्ष दुईवटा मार्ग तय भएका छन् । उत्तराखण्ड राज्यको लिपुलेक भन्ज्याङ हुँदै ५० जनाको दरले १० वटा समूह र सिक्किम राज्यको नाथुला भन्ज्याङ हुँदै ५० जनाकै दरले थप १० वटा समूह मानसरोवर जानेछन् । दुई फरक नाकाबाट कुल एक हजार तीर्थयात्रीले यो वर्ष कैलाश मानसरोवरको दर्शन गर्ने भारतीय पक्षको भनाइ छ । लिपुलेक मार्गबाट मानसरोवर यात्रा घोषणा गरेर भारतले रणनैतिक रुपमा यो मार्ग प्रयोग गर्न चाहन्छ भन्ने पुष्टि भएको छ ।

पछिल्लो पटक केपी शर्मा ओली प्रधानमन्त्री भएका बेला भारत र चीनले लिपुलेक पास खोल्न सहमति गरेको समाचार बाहिरिएपछि तत्कालीन नेपाल सरकारले भारतलाई कूटनीतिक नोट पठाएको थियो । अहिले पनि सरकारले भारतलाई कूटनीतिक नोट पठाएर आफ्नो विमति राख्न सक्छ । कूटनीतिक नोट पठाउन समय लिइराख्नुपर्छ भन्ने छैन । थप अध्ययन गरी राख्नुपर्दैन । एक वर्षअघि तत्कालीन प्रधानमन्त्री केपी ओली चीन भ्रमणमा जाँदा लिपुलेकको विषय उठाएका थिए, त्यसबेला काठमाडौं महानगरपालिका प्रमुख रहेका प्रधानमन्त्री बालेन्द्र साहले भनेका थिए–'चीन भ्रमणको शुभकामना प्रधानमन्त्रीज्यू , नेपालको लिपुलेक नाकाबाट व्यापार पुनः सञ्चालन गर्ने भारत-चीनको सहमतिले हाम्रो सार्वभौमिकतामाथिको अतिक्रमण गरेको छ । त्यो हाम्रो नै हो भन्ने कुरा चीनलाई सम्झाउन नबिर्सनुहोला ।' एक वर्षअघि चीन भ्रमणमा जान लागेका प्रधानमन्त्रीलाई सुझाव दिएका बालेन्द्र अहिले प्रधानमन्त्री छन्, उनले त्यसबेला दिएको सुझावलाई बिर्सन हुन्न । लिपुलेकको विषयमा प्रष्ट धारणा राख्नुपर्छ ।

अहिले प्रधानमन्त्रीको भारत भ्रमणको तयारी भइरहेको छ । भारत भ्रमणमा प्रधानमन्त्रीले प्रष्ट धारणा राख्न सक्नुपर्छ । लिपुलेक नेपालको हो, र भारतले यहाँ कुनै पूर्वाधार विकासको काम अघि बढाउन पाउँदैन । चीनले लिपुलेकको विषय भारत र नेपालबिचको आन्तरिक भन्दै आएको छ । नेपाल र भारतबिच हुने सहमति मान्य हुने संकेत दिएको छ । दुई देशबिचको सहमतिमा कुनै बाधक नबन्ने संकेत दिइसकेको छ । भारतले लिपुलेकलाई आफ्नो पोल्टामा पार्न प्रयास गरिरहेकोले प्रभावकारी कूटनीतिमार्फत् नेपालले कुरा राख्न सक्दा हामी माथि पर्छौं । दुई तिहाई नजिकको बलियो सरकार भएकाले बाह्य सम्बन्धमा पनि प्रष्ट अडान राख्न सहज छ । यो अनुकुल अवस्थालाई प्रयोग गर्न सक्दा मुलुकले फाइदा लिनसक्छ ।

# राज्यको अनुपस्थितिले खल्लो बनेको बुद्ध जयन्ती



ईन्द्रप्रसाद भुसाल



नेपालको सांस्कृतिक, धार्मिक र ऐतिहासिक आत्मासँग गहिरो रूपमा गाँसिएको २५७०औँ बुद्ध जयन्ती यस वर्ष भने अपेक्षित गरिमाभन्दा निकै फरक र निराशाजनक परिवेशमा सम्पन्न भएको अनुभूति भयो । विश्वभर शान्ति, करुणा र सहअस्तित्वको सन्देश फैलाउने बुद्ध जयन्तीलाई अनुपम अवसरका रूपमा हेरिएता पनि यसपटक राज्यको प्राथमिकतामा नपरेजस्तो देखियो । अन्तर्राष्ट्रिय जगतले ध्यानपूर्वक नियाल्ने यो महान र गौरवमय पर्वमा देखिएको कमजोरीले हाम्रो सांस्कृतिक चेतना र जिम्मेवारीबारे गम्भीर प्रश्न उठाएको छ । अझ, बेमौसमी वर्षा र सरकारका राष्ट्रपति प्रधानमन्त्री जस्ता प्रमुख नेतृत्वको अनुपस्थितिले समग्र वातावरणलाई झन् खल्लो बनाइदियो भने अर्कोतिर यो पर्वको ऐतिहासिक महत्वसँग मेल खाने ऊर्जा र उत्साहलाई कमजोर बनायो । राज्य, सरकार र स्वयम् लुम्बिनी विकास कोषले बुद्ध जयन्तीको गरिमालाई महत्व नदिनुले अन्धकारमा हराएको लुम्बिनीले बुद्ध जयन्तीलाई एउटा गहिरो प्रश्नमा रुपान्तरण गरिदियो । "अप्प दीपो भव" भन्ने गौतमबुद्धको सन्देश र आत्मबोधको क्रान्ति लुम्बिनी विकास कोषले भुलेको सन्देश दिन्छ । मायादेवी मन्दिरको निस्तब्धता र अव्यवस्थित वातावरण मात्र होइन, लुम्बिनी विकास कोषले निर्वाह गर्नुपर्ने न्यूनतम भूमिका पनि पुरा नगरेको वातावरणले झन् लज्जित बनाउने खालको देखियो ।

यस्तो पवित्र स्थलमा न्यूनतम व्यवस्थापन र गरिमा कायम गर्न नसक्नु कोषको दायित्वप्रतिको उदासीनता हो । विशेषतः लुम्बिनी, गौतमबुद्धको जन्मस्थलका रूपमा विश्वभर परिचित छ । बुद्धजयन्तीको दिन लुम्बिनीमा देखिएका दृश्यहरुले यसपटक विगतका वर्षहरूको तुलनामा निकै फितलो देखियो । सामान्यतया बैशाख पूर्णिमाको दिन लुम्बिनीमा हजारौं श्रद्धालु, भिक्षु-भिक्षुणी, पर्यटक तथा अन्तर्राष्ट्रिय पाहुनाहरूले भरिभराउ हुने गर्दछ, जहाँ शान्ति पदयात्रा, ध्यान, प्रवचन र सांस्कृतिक कार्यक्रमहरूले वातावरणलाई आध्यात्मिक ऊर्जा प्रदान गर्छन्, तर यसपटक कार्यक्रमको तयारी, व्यवस्थापन र समन्वयमा देखिएको कमजोरीका कारण ती सबै गतिविधिहरू अपेक्षित रूपमा सम्पन्न हुन सकेनन् । मायादेवी मन्दिर परिसरमा सामान्य रुपमा सजाइएको मञ्च र खाली कुर्सीहरूले स्वयं एउटा मौन प्रश्न उभ्याइरहेका थिए कि के हामी र हाम्रो सरकार आफ्नै सांस्कृतिक इतिहासको सम्मान गर्न असफल हुँदैछौं ?

यस सन्दर्भमा प्रधानमन्त्रीको अनुपस्थिति व्यापक रूपमा चर्चा र आलोचनाको विषय बन्यो । विगतमा राष्ट्रप्रमुख वा उच्चस्तरीय नेतृत्वको उपस्थिति रहने परम्परा यसपटक तोडिनु केवल एउटा कार्यक्रम छुट्नु मात्र होइन, त्यो सांस्कृतिक निरन्तरतामा आएको विच्छेदको संकेत पनि हो । अन्तर्राष्ट्रिय कूटनीतिक नियोगका प्रतिनिधिहरू, राजदूतहरू तथा पाहुनाहरूको उपस्थितिमा आयोजना गरिएको कार्यक्रममा प्रमुख नेतृत्वको अनुपस्थिति रहनु, नेपालको सांस्कृतिक कूटनीतिमाथि नै प्रश्न उठाउने खालको घटना बन्यो । विश्व समुदायले लुम्बिनीलाई शान्तिको प्रतीकका रूपमा उच्च सम्मान दिइरहेको अवस्थामा बुद्ध जयन्तिको दिन देखिएको फितलो व्यवस्थापनले हामी आफ्नै धरोहरप्रति पर्याप्त संवेदनशील छैनौ भन्ने कुराको सन्देश दिएको छ ।

यसपटकको अर्को महत्त्वपूर्ण पक्ष भनेको बेमौसमी वर्षा हो, जसले भौतिक रूपमा कार्यक्रमलाई प्रभावित मात्र गरेन, समग्र भावनात्मक वातावरणलाई पनि शिथिल बनायो । निरन्तर परेको वर्षाका कारण दर्शनार्थीहरूलाई मायादेवी मन्दिरसम्म पुग्न कठिनाइ भयो, धेरै कार्यक्रमहरू स्थगित भए र विदेशी पर्यटकहरूको अनुभवसमेत प्रभावित बन्यो । यद्यपि प्राकृतिक घटना मानव नियन्त्रणभन्दा बाहिर हुन्छन्, तर यस्तो परिस्थितिमा वैकल्पिक व्यवस्थापन र पूर्वतयारी गर्न नसक्नु मानवीय कमजोरीकै रूपमा देखिन्छ । जब प्रकृति प्रतिकूल हुन्छ, तब राज्यको व्यवस्थापन क्षमता अझ स्पष्ट रूपमा परीक्षण हुन्छ । यसपटक त्यो परीक्षा अपेक्षित रूपमा सफल देखिएन् ।

यस्ता कमजोरीहरूको बिचमा पनि गौतमबुद्धका दिव्य उपदेशहरूको सान्दर्भिकता अझ गहिरो रूपमा महसुस गर्न सकिन्छ । बुद्धले मानव जीवनका दुःख, तिनका कारण र मुक्ति मार्गबारे दिएका शिक्षाहरू आजको सामाजिक र राजनीतिक सन्दर्भमा पनि उत्तिकै महत्वपूर्ण छन् । चार आर्य सत्यले जीवनको यथार्थ बुझ्न सिकाउँछन् भने अष्टाङ्ग मार्गले सही आचरणको दिशा देखाउँछ । करुणा, मैत्री, अहिंसा र मध्यम मार्गजस्ता सिद्धान्तहरू केवल व्यक्तिगत जीवनका लागि मात्र होइन, शासन प्रणाली र सामाजिक संरचनाका लागि पनि मार्गदर्शक बन्न सक्छन् । यदि राज्य सञ्चालनमा यी मूल्यहरूलाई आत्मसात गरिन्थ्यो भने, सायद यस्ता सांस्कृतिक पर्वहरूको व्यवस्थापनमा देखिएको कमजोरी दोहोरिने थिएन ।

लुम्बिनीको महत्व केवल धार्मिक सीमाभित्र मात्र सीमित छैन । सन् १९९७ मा UNESCO द्वारा विश्व सम्पदा सूचीमा सूचीकृत भएपछि यसको अन्तर्राष्ट्रिय प्रतिष्ठा झन् उचाइमा पुगेको छ । विश्वका विभिन्न देशबाट आउने श्रद्धालु र पर्यटकहरूले लुम्बिनीलाई शान्ति, ध्यान र आध्यात्मिक अभ्यासको केन्द्रका रूपमा लिने गरेका छन् । यहाँ आयोजना हुने बुद्ध जयन्ती केवल एउटा राष्ट्रिय पर्व मात्र होइन । यो अन्तर्राष्ट्रिय सांस्कृतिक, कूटनीतिक अवसर पनि हो । बुद्धजयन्ती जस्तो अन्तर्राष्ट्रिय पर्वको व्यवस्थापनमा देखिने सानो कमजोरीले हामी आफ्नो सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनमा कति गम्भीर छौं भन्ने सन्देश पनि दिन्छ ।

नेपाल जस्तो बहुसांस्कृतिक र बहुधार्मिक देशमा सांस्कृतिक जगेर्ना राज्यको प्रमुख दायित्वभित्र पर्छ । लोकतान्त्रिक गणतन्त्रको मर्म केवल राजनीतिक अधिकारमा सीमित हुँदैन; यसले सांस्कृतिक पहिचानको संरक्षण र सम्मानलाई पनि समेट्नुपर्छ । बुद्धजयन्ती जस्तो पर्वलाई भव्य, समावेशी र व्यवस्थित रूपमा मनाउनु केवल धार्मिक आस्था प्रदर्शन मात्र नभै राष्ट्रिय पहिचानको अभिव्यक्ति पनि हो, तर यसपटक देखिएको फितलोपनले हामीले आफ्नो प्राथमिकता निर्धारणमा कतै न कतै गल्ती गरिरहेका छौं भन्ने सङ्केत दिएको छ ।

अब हामीले आत्ममूल्याङ्कन गर्ने बेला आएको छ; के हामी केवल औपचारिक रूपमा पर्व मनाउने दिशामा अघि बढिरहेका छौं ? के हामीले बुद्धका शिक्षाहरूलाई व्यवहारमा उतार्न सकेका छौं ? यदि छैन भने, बुद्ध जयन्तीको वास्तविक उद्देश्य नै अधुरो रहनेछ । बुद्धले सिकाएको करुणा, सहिष्णुता र सम्यक दृष्टि आजको विभाजित र अस्थिर विश्वका लागि झन् आवश्यक छन् । ती मूल्यहरूलाई केवल प्रवचनमा सीमित नराखी व्यवहारमा लागू गर्न सके मात्र यस्ता पर्वहरूको सार्थकता हुन्छ ।

प्रकृतिको प्रतिकूलता भन्दा पनि मानव निर्मित कमजोरीहरू अझ बढी गम्भीर हुन्छन् भन्ने कुरा यस वर्षको अनुभवले एउटा महत्वपूर्ण सन्देश दिएको छ । बेमौसमी वर्षाले कार्यक्रमलाई प्रभावित पार्न सक्छ, तर त्यसलाई व्यवस्थापन गर्न सकिने क्षमता राज्यसँग हुनुपर्छ । जब नेतृत्व स्वयं अनुपस्थित हुन्छ र तयारी कमजोर हुन्छ, तब परिणामस्वरूप सम्पूर्ण पर्व नै प्रभावहीन बन्न पुग्छ । २५७०औँ बुद्ध जयन्तिमा देखिएका कमजोरीले भविष्यका लागि एउटा चेतावनी पनि दिएको छ, यदि हामीले आफ्नो सांस्कृतिक धरोहरप्रति गम्भीरता देखाएनौ भने, यस्ता ऐतिहासिक पर्वहरू केवल औपचारिकतामा सीमित हुनेछन् ।

बुद्ध जयन्ती केवल विगतको सम्झना मात्र नभई वर्तमानको जिम्मेवारी र भविष्यको मार्गदर्शन पनि हो भन्ने कुरा सम्पूर्ण सरोकार वालाले बुझ्न जरुरी छ । लुम्बिनी जस्तो पवित्र स्थलले विश्वलाई शान्तिको सन्देश दिइरहेको छ, तर त्यो सन्देशलाई प्रभावकारी बनाउन हाम्रो व्यवहार, हाम्रो नीति र हाम्रो प्राथमिकताले साथ दिनुपर्छ । हामीले बुद्धका उपदेशहरूलाई जीवन र शासन दुवैमा आत्मसात गर्न सकेनौं भने, यस्तो खल्लोपन भविष्यमा पनि दोहोरिन सक्छ । हामीले आफ्नो इतिहासलाई केवल सम्झने मात्र नभै सम्मानपूर्वक जिउने आधार बनाउ सक्नु नै सच्चा नागरिकको कर्तव्य हुनेछ ।

# सुनको भाउ घट्यो, चाँदी बढ्यो



काठमाडौं । आइतबार सुनको भाउ घटेको छ भने चाँदी बढेको छ । सुनको भाउ तोलामा १ हजार रुपैयाँ घटेको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघले आजका लागि सुनको भाउ प्रतितोला २ लाख ९५ हजार १ सय रुपैयाँ तोकेको छ ।

शनिबार २ लाख ९६ हजार १ सय रुपैयाँमा सुनको कारोबार भएको थियो । त्यस्तै गत आइतबार २ लाख ९९ हजार २ सय रुपैयाँमा सुनको कारोबार भएको थियो ।

त्यस्तै चाँदीको भाउ आइतबार तोलामा ६५ रुपैयाँ बढेको छ । शनिबार प्रतितोला ४ हजार ९४५ रुपैयाँमा कारोबार भएको चाँदी आइतबार ५ हजार १० रुपैयाँ पुगेको छ । गत आइतबार चाँदी प्रतितोला ४ हजार ९९५ रुपैयाँमा कारोबार भएको थियो ।

# गर्मीमा छालाको स्याहारः यी हुन् छुटाउनै नहुने खाने कुरा

गर्मी मौसममा चर्को घाम, पसिना र धुलोका कारण छाला सुख्खा हुने, डन्डिफोर आउने र समयभन्दा अगावै चाउरी पर्ने जस्ता समस्याहरू देखिन्छन् । यस्तो अवस्थामा छालालाई स्वस्थ, चम्किलो र सुरक्षित राख्न बाह्य स्याहारका साथै खानपानमा विशेष ध्यान दिनु आवश्यक हुन्छ ।

छाला तथा यौन रोग विशेषज्ञ डा. अनुपमा कार्कीका अनुसार छालाको उचित स्याहारका लागि सन्तुलित खानपानको भूमिका महत्त्वपूर्ण हुन्छ । गर्मीमा छालाको सुरक्षा र सुन्दरताका लागि खानैपर्ने प्रमुख खानेकुराहरू यस प्रकार छन्ः



**१. तरबुजा र खरबुजा**

यी फलफूलमा ९० प्रतिशतभन्दा बढी पानीको मात्रा हुन्छ । यसले शरीर र छालालाई 'डिहाइड्रेटेड' हुनबाट जोगाउनुका साथै भित्रैदेखि शीतल बनाइराख्छ ।

**२. कागती र पुदिना पानी**

शरीरमा पानीको कमी हुन नदिन र विषाक्त पदार्थ बाहिर निकाल्न कागती र पुदिना पानी निकै फाइदाजनक हुन्छ । यसले छालालाई ताजा र सफा राख्न मद्दत गर्छ ।

**३. दही**

दहीले पेटलाई शीतल राख्छ । यसमा हुने 'प्रोबायोटिक्स'ले पाचन प्रणाली दुरुस्त बनाउँछ, जसको प्रत्यक्ष प्रभाव अनुहारको चमकमा देखिन्छ ।

**४. गाजर**

गाजरमा भरपूर मात्रामा भिटामिन 'ए' पाइन्छ । यसले छालाका दागधब्बा कम गर्न, रगत सफा गर्न र छालामा प्राकृतिक निखार ल्याउन मद्दत गर्छ ।

**५. गोलभेडा**

गोलभेडामा एन्टिअक्सिडेन्ट र भिटामिन 'सी' प्रशस्त हुन्छ । यसमा पाइने 'लाइकोपीन' नामक तत्वले छालालाई सूर्यको हानिकारक पराबैजनी किरणबाट जोगाउन सुरक्षा कवचको काम गर्छ ।

**६. अण्डा**

अण्डाको सेतो भागमा प्रोटिन र एल्ब्युमिन हुन्छ । यसले छालाको कोषिका मर्मत गर्न, स्वस्थ राख्न र अनावश्यक दागधब्बा आउन नदिन सहयोग पुर्‍याउँछ ।

**७. बदाम**

बदाममा प्रोटिन, भिटामिन र मिनरल्स पाइन्छ । यसले छालाको ओसिलोपना (Moisture) कायम राख्न र छालालाई नरम बनाउन मद्दत गर्छ ।

**८. हरियो सागपात र गेडागुडी**

हरियो सागपात र गेडागुडी फाइबर एवं एन्टिअक्सिडेन्टको मुख्य स्रोत हुन् । यिनको नियमितसेवनलेछालालाई भित्रैदेखि स्वस्थ र तन्दुरुस्त बनाउँछ।

**९. नरिवल पानी**

प्राकृतिक इलेक्ट्रोलाइट्सले भरिपूर्ण नरिवल पानीले गर्मीमा शरीरलाई शीतल बनाउनुका साथै छालालाई पर्याप्त हाइड्रेटेड राख्न मद्दत गर्छ ।

**थप उपयोगी सुझावहरूः**

पर्याप्त पानीः दिनमा कम्तीमा ३ देखि ४ लिटर पानी पिउने बानी बसाल्नुहोस् ।

खानपानमा सावधानीः धेरै तेलमा तारेका, भुटेका र जंक फुडको सेवन कम गर्नुहोस् ।

घामबाट सुरक्षाः घरबाहिर निस्कनुअघि आफ्नो छाला सुहाउँदो गुणस्तरीय 'सनस्क्रिन' अनिवार्य रूपमा लगाउनुहोस् ।

स्वास्थ्य खबरबाट

# सरसफाइ र हरियाली प्रवर्द्धन कार्यक्रम सम्पन्न



अविजित पन्थी
बुटवल

बुटवल उप-महानगरपालिका-११ स्थित श्री देवीनगर सरसफाइ तथा वातावरण संरक्षण सहकारी संस्था लिमिटेडको आयोजनामा सरसफाइ तथा हरियाली प्रवर्द्धनसम्बन्धी दुई छुट्टाछुट्टै कार्यक्रम सफलता पूर्वक सम्पन्न भएका छन् । बैशाख १८ गते सरसफाइ अभियान र बैशाख १९ गते सचेतनामूलक गोष्ठी आयोजना गरिएको थियो ।

बैशाख १९ गते आयोजित "सरसफाइ तथा हरियाली प्रवर्द्धन" सम्बन्धी एकदिने सचेतनामूलक गोष्ठी कार्यक्रममा करिब ३०० जना उपभोक्ता तथा स्थानीयवासीको उल्लेखनीय उपस्थिति रहेको थियो ।

कार्यक्रमका प्रमुख अतिथि बुटवल उप-महानगरपालिकाका सहकारी शाखा प्रमुख गुणाकर खनाल रहेका थिए । उनले सहकारीको भूमिका, व्यवस्थापन तथा सामुदायिक विकासमा यसको योगदानबारे प्रशिक्षणमूलक मन्तव्य प्रस्तुत गरे ।

विशिष्ट अतिथिका रूपमा कृषि शाखा प्रमुख सन्तोष जिसी सहभागी रहेका थिए । उनले कौसी खेती, सरसफाइ व्यवस्थापन तथा हरियाली प्रवर्द्धनका व्यावहारिक पक्षबारे सहजीकरण गरेका थिए ।

संस्थाका अध्यक्ष सुरेशकुमार पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत मन्तव्य संस्थाकी उपाध्यक्ष भगवती पन्थीले व्यक्त गरेकी थिइन् भने कार्यक्रम सञ्चालन संस्थाका सचिव हरिप्रसाद भट्टराईले गरेका थिए ।

गोष्ठीमा वक्ताहरूले सरसफाइलाई दैनिक जीवनशैलीको अभिन्न अंग बनाउनुपर्ने र हरियाली विस्तारमार्फत स्वच्छ तथा स्वस्थ वातावरण निर्माणमा सबैको साझा जिम्मेवारी रहने कुरामा जोड दिएका थिए ।

यसअघि बुद्ध जयन्तीको अवसरमा बैशाख १८ गते "देवीनगर सरसफाइ अभियान-२०८३" अन्तर्गत सरसफाइ तथा हरियाली प्रवर्द्धन कार्यक्रम सम्पन्न भएको थियो । उक्त अभियानमा करिब ५०० जनाभन्दा बढी स्थानीयवासी, स्वयंसेवक तथा सरोकारवालाहरूको उत्साहजनक सहभागिता रहेको थियो ।

कार्यक्रमका प्रमुख अतिथि प्रतिनिधि सभा सदस्य मञ्जु भुसाल रहेकी थिइन् भने अध्यक्षता संस्थाका अध्यक्ष सुरेशकुमार पौडेलले गरेका थिए । कार्यक्रम सञ्चालन संस्थाका सचिव हरि प्रसाद भट्टराईले गरेका थिए ।

अभियानअन्तर्गत देवीनगर क्षेत्रका सडक, सार्वजनिक स्थल तथा आसपासका क्षेत्रहरूमा सरसफाइ गरिएको थियो भने वातावरणीय सन्देश प्रवाह गर्न विभिन्न जनचेतनामूलक गतिविधिहरू सञ्चालन गरिएको थियो ।

लगातार दुई दिनसम्म आयोजना गरिएका यी कार्यक्रमहरूले देवीनगर क्षेत्रमा सरसफाइ तथा हरियालीप्रति उल्लेखनीय जनचेतना अभिवृद्धि गरेको छ । सहकारी संस्थाले समुदायस्तरमा सरसफाइलाई अभियानकै रूपमा अघि बढाउँदै लैजाने र हरियाली विस्तारमा थप कार्यक्रमहरू सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

सहभागीहरूले यस्ता कार्यक्रमले सकारात्मक ऊर्जा थप्नुका साथै समुदायमा जिम्मेवारीबोध बढाएको बताएका छन् ।

# डुडियाघाटमा बनाइयो पक्की पुल



गलकोट । बागलुङको काठेखोला गाउँपालिका-२ भिमापोखरा र काठेखोला गाउँपालिका-४ तग्राम जोड्नका लागि डुडियाघाटमा पक्की पुल निर्माण सम्पन्न भएको छ । बागलुङको काठेखोला गाउँपलिकाभित्र बाह्रै मास सवारीसाधन सञ्चालनमा ल्याउने योजनाअनुसार डुडियाखोलाको डुडियाघाटमा पक्की पुल निर्माण गरिएको हो ।

गण्डकी प्रदेश सरकारको भौतिक पूर्वाधार मन्त्रालयअन्तर्गत रु तीन करोड ६२ लाख २२ हजार खर्चेर पुल निर्माण सम्पन्न गरिएको छ । ठेक्का पाएको बिएमए निर्माण सेवाले २०८० कात्तिक १७ गते २०८२ बैशाखमा सम्पन्न गर्ने गरी सम्झौता गरिएको थियो । निर्माण कम्पनीले सम्झौताको एक वर्ष ढिला गरी निर्माण कार्य सकेको छ ।

निर्माण सम्पन्न भएर हस्तान्तरणको चरणमा पुल पुगेको पूर्वाधार विकास कार्यालयका प्रमुख दीपेश रिगलले जानकारी दिए । आरसिसिटी बिम प्रकारको पुल ८ दशमलव ४० मिटर चौडाइ र २० मिटर लम्बाइको रहेको छ । उक्त पुल निर्माण सकेर हस्तान्तरणको प्रक्रियामा पुगेको निर्माण व्यवसायी विमलेश आचार्यले जानकारी दिए ।

गत वर्ष सक्नुपर्ने गरी पुल पहिले नै ढलान भए पनि सडकको दुईतर्फ काम बाँकी रहेको र भुक्तानीमा ढिलाइ भएकाले एक वर्षपछि मात्रै पुल निर्माण सम्पन्न भएको आचार्यले जनकारी दिए । पुल निर्माणपछि काठेखोला गाउँपालिकाको दुई वडा तङ्गाम र धम्जामा र ताराखोला गाउँपालिका पुग्ने छोटो सडक बाह्रैमास सञ्चालनमा आउने छ ।

गाउँपालिकाभर अहिलेसम्म गण्डकी प्रदेश सरकारले तीन ठाउँमा पक्की पुल निर्माण सम्पन्न भएपछि गाउँपालिकाभर बर्खामा यातायात ठप्प नहुने काठेखोला गाउँपालिकाका अध्यक्ष राजु थापाले जानकारी दिए ।

काठेखोला गाउँपालिकाको रेश जाने सडकको रेशस्थित एक्लेखेत, लामाबगर खोला र डुडियाघाटमा पक्की पुल बनेपछि गाउँपालिकाका सबै वडामा बाह्रैमास सवारीसाधन चल्ने भएको अध्यक्ष थापाले बताए ।

गण्डकी प्रदेश सकारको १२ करोड लगानीमा तीन वटा पुल निर्माण सम्पन्न भएको हो । "पक्की पुल निर्माणमा प्रदेश सरकाले सहयोग गरेका कारण काठेखोलामा बाह्रैमास सवारीसाधन चल्ने भएका छन्, दुई वर्षदेखि रेश र तीन वर्षदेखि लामाबगरमा पुल बन्दा सहज भएको र अहिले डुडियाघाटको पुल समेत निर्माण सम्पन्न भइसकेको छ," थापाले भने- "पुल नहुँदा बर्खामा सवारीसाधन ठप्पजस्तै हुन्थे अब सहज भयो, गाउँपालिकाको ध्यान अब सडक स्तरोन्नतिमा छ ।"

गाउँपालिकाको वडा नम्बर ६ बिँहु र वडा नम्बर-२ भिमापोखरा जोड्ने गरी लामाबगरमा तीन वर्ष पहिले ३० मिटर लामो पक्की पुल रु तीन करोड ३१ लाख लागतमा निर्माण सम्पन्न भएको थियो भने दुई वर्ष अघि मात्रै रेश जाने सडकको एक्लेखेतमा २५ मिटर लामो पक्की पुल रु पाँच करोडमा निर्माण भएको थियो ।

# लागुऔषधसहित देशका विभिन्न स्थानबाट २७ जना पक्राउ



काठमाडौँ । नियमित गस्तीमा रहेको प्रहरी टोलीले देशका विभिन्न भागबाट लागुऔषधसहित २७ जनालाई पक्राउ गरेको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार देशका विभिन्न भागबाट उनीहरूलाई पक्राउ गरिएको हो ।

चिकित्सकको सिफारिसमा मात्र खरिद गर्न पाइने ट्रामाडोल ५७ ट्याब्लेट, नाइट्राभेट १२९ ट्याब्लेट र नगद रु १६ हजार ६३५ सहित शनिबार काठमाडौँ महानगरपालिका-१५ बाट २० वर्षीय आशिष तामाङलाई नियन्त्रित लिइएको छ ।

यसैगरी,काठमाडौँ,गोकर्णेश्वरनगरपालिका-५ जोरपाटीबाट लागुऔषध ट्रामाडोल २९० ट्याब्लेटसहित सोही नगरपालिका-६ नारायणटार बस्ने ३० वर्षीय अशोक लामासहित तीन जनालाई पक्राउ गरिएको छ ।

यस्तै, कैलालीको धनगढी उपमहानगरपालिका-२ त्रिनगर ब्यारेलबाट लागुऔषध स्पास्मो ४९ ट्याब्लेटसहित भारत बिजनोरका ३० वर्षीय जमसेद आलम, कैलारी गाउँपालिका-५ मनिकापुरबाट चरेस जस्तो देखिने पदार्थसहित सोही ठाउँ बस्ने २५ वर्षीय धिरज चौधरीलगायत दुई जनालाई पक्राउ गरिएको समाचार कक्षले जनाएको छ ।

कैलालीकै धनगढी उपमहानगरपालिका-२ बाट अवैध लागुऔषध चरेस जस्तो देखिने पदार्थसहित सोही उपमहानगरपालिका-३ बस्ने ३५ वर्षीय किसन बुडालसहित आठ जना र लम्कीचुहा नगरपालिका-१ बसपार्कबाट ब्राउनसुगर जस्तो देखिने पदार्थसहित सोही ठाउँ डेरा गरी बस्ने दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

यस्तै, तनहुँको आँबुखैरेनी गाउँपालिका-४ बेनीटारबाट डाइजेपाम २० एम्पुल, बुप्रेनोर्फिन २० एम्पुल र फेनारगन २० एम्पुलसहित कास्कीको पोखरा महानगरपालिका-३० बस्ने २९ वर्षीय कृष्ण आलेलाई पक्राउ गरिएको छ । यसैगरी, बाँकेको बैजनाथ गाउँपालिका-३ नौवस्ता चौधरिया गाउँबाट ब्राउनुसगर जस्तो देखिने पदार्थ ७७० मिलिग्रामसहित सोही गाउँपालिका-३ नौवस्ता बस्ने ३३ वर्षीय इन्द्रबहादुर थारू र ४१ वर्षीय ध्रुवकुमार थारूलाई पक्राउ गरिएको छ ।

यसैगरी, झापाको मेचीनगर नगरपालिका-६ पुरानो मेचीपुलबाट खैरो हेरोइन जस्तो देखिने पदार्थसहित सोही नगरपालिका-६ बस्ने २८ वर्षीय मिलन कार्की ढोली, सोही नगरपालिका-१३ बस्ने २३ वर्षीय रोहन राजवंशी, सोही नगरपालिका-९ बस्ने ३५ वर्षीय मनिष उप्रेती र झापा गाउँपालिका-४ बालुबाडी नयाँ टोलबाट ब्राउनसुगरसहित सोही गाउँपालिका-२ बस्ने २१ वर्षीय समीर प्रसाईंलाई पक्राउ गरिएको छ ।

यस्तै, सुनसरीको कोशी गाउँपालिका-८ चारकुनेबाट ब्राउनसुगर जस्तो देखिने पदार्थ ७७० मिलिग्रामसहित सप्तरीको हनुमाननगर कङ्कालिनी नगरपालिका-९ बस्ने २७ वर्षीय श्यामकुमार रजकलाई पक्राउ गरिएको छ ।

यसैगरी, ललितपुरको गोदावरी नगरपालिका-३ शान्तिवनबाट ट्रामाडोल १० ट्याब्लेटसहित सोही ठाउँ बस्ने २८ वर्षीय उदय तामाङलाई पक्राउ गरिएको छ । सिन्धुलीको कमलामाई नगरपालिका-९ भिमानबाट पनि खैरो हेरोइन जस्तो देखिने पदार्थसहित एक जनालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

सबै जना शनिबार पक्राउ परेका र उनीहरूमाथि आवश्यक अनुसन्धान भइरहेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

# अकबरे खुर्सानी खेती प्रवर्द्धन गर्दै पैंयूँ गाउँपालिका

पर्वत । दक्षिण पर्वतको पैंयूँ गाउँपालिकाले अकबरे खुर्सानीखेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरेको छ । स्वाद र स्वास्थ्यका दृष्टिले उपयुक्त मानिने अकबरे खुर्सानी विस्तारका लागि पालिकाले किसानलाई अनुदान दिएर खुर्सानीखेतीतर्फ आकर्षित गरेको हो ।

स्थानीय किसानको आयआर्जन वृद्धि गर्ने उद्देश्यसहित अकबरे खुर्सानी (डल्ले खुर्सानी) उत्पादन तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको पैंयूँ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत जीवन गैरेले जानकारी दिए । चालु आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार गाउँपालिकाको कृषि शाखामार्फत कृषक समूह, कृषि सहकारी तथा निजी कृषि फार्मलाई आवश्यक अनुदान दिएर अकबरे खुर्सानीखेती विस्तार गर्न थालिएको उनले बताए ।

गाउँपालिकाले सूचना प्रकाशनपछि इच्छुक किसानलाई प्राविधिक मूल्याङ्कनपछि चारवटा कृषि फार्म छनोट गरी कार्यक्रम अगाडि बढाइएको छ । छनोटमा परेका फार्मलाई आवश्यक प्राविधिक सहयोग, तालिम, बीउबिजन, मलखाद तथा अनुदान प्रदान गरिने प्रमुख प्रशासकीय अधिकृत गैरेले बताए । उनका अनुसार पहिलोपटक वडा नं. ६ को हाडिकखर्क कृषि तथा पशुपन्छी फार्म, वडा नं. ३ को बेउलवास कृषि तथा पशुपन्छी फार्म, वडा नं. ४ को बैँसीथोक कृषि तथा पशुपन्छी फार्म र वडा नं. ३ मै रहेको कानुङ कृषि तथा पशुपन्छी फार्मलाई अनुदान दिएर ठूलो क्षेत्रफलमा अकबरे विस्तार गरिने भएको छ ।

हरेक फार्मले कम्तीमा दुई रोपनी क्षेत्रफलमा अकबरे खुर्सानीको व्यावसायिक खेती विस्तार गर्नुपर्ने प्रावधान राखिएको छ । अकबरे खुर्सानी नेपालका पहाडी जिल्लामा पाइने अत्यन्तै



महत्त्वपूर्ण नगदे बाली हो । यसको तिखोपन, सुगन्ध र स्वादका कारण यो देशभित्रमात्र नभई बाह्य बजारमा पनि उच्च माग रहेको छ ।

गाउँपालिकाभित्र र बाहिर पनि अकबरे खुर्सानीको माग अत्यधिक आउने र मूल्यसमेत पर्याप्त पर्ने भएकाले किसानको जीवनस्तर सुधार्न सहयोग मिल्ने देखेर अकबरे खुर्सानीखेतीमा किसानलाई आकर्षित गर्न खोजिएको पैंयूँ गाउँपालिकाका अध्यक्ष तोरण मल्ल ठकुरीले जानकारी दिए । अन्य सामान्य खुर्सानीको तुलनामा यसको मूल्य धेरै हुने भएकाले किसानका लागि यो आकर्षक आम्दानीको स्रोत बन्ने उनको भनाइ छ ।

सानो क्षेत्रफलमा समेत राम्रो आम्दानी दिन सक्ने भएकाले साना किसानलाई पनि व्यावसायिक खेतीतर्फ लाग्न पालिकाले आग्रह गरेको छ । पछिल्लो समय बजारमा अकबरे खुर्सानीको मूल्य स्थिर र उच्च रहने गरेको देखिएकाले यसको उत्पादन विस्तारलाई दिगो आयआर्जनको आधारका रूपमा हेरिएको अध्यक्ष ठकुरीले बताए ।

पोषणका हिसाबले पनि अकबरे खुर्सानी निकै महत्त्वपूर्ण मानिन्छ । यसमा भिटामिन 'सी', 'ए' र 'ई'जस्ता आवश्यक पोषकतत्व प्रशस्त मात्रामा पाइन्छन्, जसले शरीरको रोग प्रतिरोधात्मक क्षमता बढाउन सहयोग पुऱ्याउने हाडिकखर्क कृषि तथा पशुपंछी फार्मका सञ्चालक यामबहादुर क्षेत्रीले बताए । यसमा पाइने क्याप्साइसिन तत्वले पाचन प्रणाली सुधार गर्ने, रक्तसञ्चार सन्तुलित राख्ने तथा केही दीर्घरोगको जोखिम कम गर्न मद्दत गर्ने विश्वास गरिएको छ । त्यसैले यो केवल मसलामात्र नभई स्वास्थ्यका दृष्टिले पनि उपयोगी बालीका रूपमा रहेको क्षेत्री बताउँछन् ।

तरकारी, अचार विभिन्न परिकारमा यसको प्रयोगले नेपाली स्वादलाई अझ विशेष बनाउने गरेको छ । अकबरे खुर्सानीखेतीमा रोग, कीरा तथा मौसमीय जोखिमजस्ता चुनौती पनि कम हुने बताइएको छ । पैंयूँ गाउँपालिकाले कृषि आधुनिकीकरण, नगदे बाली प्रवर्द्धन तथा आत्मनिर्भर अर्थतन्त्र निर्माणलाई केन्द्रमा राख्दै यस्तो कार्यक्रम अघि बढाएको जनाएको छ ।

**बुटवलमा...**

ज्ञापनपत्र बुझाउनुअघि रानीगञ्ज क्षेत्रका ८ वटा टोलका हजारौं बासिन्दाले प्लेकार्डसहित प्रदर्शन गर्दै प्रधानमन्त्री बालेन्द्र शाहको राजीनामा समेत मागेका थिए ।

प्रदर्शनमा सहभागीहरुले डोजर आतंक बन्द गर, भूमिहीन र अव्यवस्थित बसोवासीलाई जबरजस्ती हटाउने काम बन्द गर, गरिबलाई बाँच्न दे, गास-बास-कपासको सुनिश्चित गर, बालेन सरकार राजीनामा दे लगायतका प्लेकार्ड बोकेर प्रदर्शन गरेका थिए ।

नगर प्रमुखलाई ज्ञापनपत्र बुझाउनु अघि भएको पत्रकार सम्मेलनमा संघर्ष समितिका सल्लाहकार टंकप्रसाद न्यौपानेले केन्द्र सरकारले बस्ती खाली गर्न निर्देशन दिएको दिनदेखि बस्तीका नागरिक कोही सुत्न नसकेको बताए । उनले प्रधानमन्त्री बालेन्द्र शाह तानाशाही भएर गरिबलाई मान्छे नै नभनी ठाडो निर्देशनमा पत्र पठाएर जनतालाई आतंकित बनाएको गुनासो गरे । 'प्रधानमन्त्रीको निर्देशनमा औद्योगिक क्षेत्र व्यवस्थापन लि.ले बस्ती खाली गर्न दिएको निर्देशनले बुटवल रानीगञ्जका मात्रै करिब २५ सय घरधुरी विस्थापित हुने डरले रातमा सुतेका छैनन्,' न्यौपानेले भने-'विगतमा केन्द्र सरकारअन्तर्गतकै औद्योगिक क्षेत्र व्यवस्थापन लि.ले गरेको काम र सहमतिहरु बुझ्दै नबुझी ठाडो निर्देशनमा आतंकित बनाइएको छ, डोजर आतंक बन्द गराउन जिल्लाभरिका दशौं हजार जम्मा भएर प्रतिवाद गर्छौं ।'

२०५७ सालदेखि बस्दै आएका स्थानीय बासिन्दासँग छलफल नै नगरी सरकारले २०७३ सालमा बस्ती, विद्यालय, मन्दिर, खेल मैदान, वन रहेको जग्गालाई औद्योगिक क्षेत्रको नाममा भोगाधिकार दिएको हुंदा स्थानीयले विरोध गरेकै कारण १० वर्षसम्म औद्योगिक क्षेत्रको काम अघि बढ्न नसकेको न्यौपानेले बताए ।

सरकारले जबरजस्ती बस्ती हटाउन खोजे जिल्लाभरका ८० हजार भूमिहीन र अव्यवस्थित बसोबासी एकजुट भएर सशक्त आन्दोलनमा उत्रिने न्यौपानेले चेतावनी दिएका छन् ।

संघर्ष समितिका संयोजक छवि रास्कोटीले जेनजी आन्दोलनको जगमा बनेका प्रधानमन्त्री बालेन्द्र शाहले जेनजीका मागविपरीत भूमिहीन र अव्यवस्थित बसोवासी बस्तीमा डोजर आतंक मच्याएको आरोप लगाए । विगतका सरकारले बस्न दिएर घरधुरी कर समेत लिंदै आएको, विद्युत्, खानेपानी सुविधा तथा सडक पूर्वाधार दिएको हुँदा अहिलेको सरकारले हटाउन नमिल्ने रास्कोटीले बताए ।

बुटवल उप-महानगरभित्र गत असार मसान्तसम्मको तथ्यांकअनुसार १६ हजार ८७४ परिवार भूमिहीन र अव्यवस्थित रहेकामा १० हजार ६ सय १६ जनाको जग्गा नापजाँच गरी अधिकांशको नक्सा तयार भएको थियो ।

रुपन्देहीमा भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासी समेत गरी करिब ८० हजार परिवार रहेको भूमि समस्या समाधान आयोग रुपन्देहीको तथ्यांक छ ।

यसअघि औद्योगिक क्षेत्र व्यवस्थापन लि.ले स्थानियलाई विस्थापित नगर्ने र बसोबास नभएको खाली स्थानमा मात्रै औद्योगिक क्षेत्र स्थापना गर्ने सम्झौता गरेको थियो । २०७२ सालमा घोषणा भएको रुपन्देहीको मोतिपुर औद्योगिक क्षेत्रको जग्गा विवादका कारण पुरानो डीपीआर (विस्तृत परियोजना प्रतिवेदन) काम नलाग्ने भन्दै नयाँ डीपीआर बनाउने भनिएको थियो ।

बुटवलको मोतीपुरदेखि तिलोत्तमा, शुद्धोधन र सियारीसम्मको नदी उकास ९४६.४६ बिघा जग्गामा औद्योगिक क्षेत्र बनाउने घोषणा तत्कालीन केपी ओली सरकारले गरेको थियो । सो घोषणाअनुसार जग्गा धनीपुर्जा प्राप्त ८१३ बिघा र पुर्जा प्राप्त नभएको १३३.४६ बिघा गरी ९४६.४६ बिघा (६४१ हेक्टर) को डीपीआर बनाइएको थियो ।

सोही डीपीआर अनुसार बनाउने गरी २०७७ साल फागुन २१ गते तत्कालीन अर्थमन्त्री एवं एमाले नेता विष्णु पौडेल र तत्कालीन उद्योगमन्त्री लेखराज भट्टले संयुक्त रुपमा औद्योगिक क्षेत्र शिलान्यास गरेका थिए । तर सरकारले औद्योगिक क्षेत्र घोषणा गरेको जग्गामा वर्षौंदेखि जोतभोग भएको स्थानीयको खेत, बस्ती, विद्यालय, मठमन्दिर र वन क्षेत्र गरी करिब साढे दुई सय बिघा समेत परेको भन्दै चर्को विरोध भएर स्थानीयले ढुंगामुढा गर्दा शिलान्यास कार्यक्रम नै तनावग्रस्त भएको थियो ।

जोतभोग र बस्ती भएको जग्गामा औद्योगिक क्षेत्र बन्न नदिने भन्दै स्थानीयको आन्दोलन र अवरोधका कारण शिलान्यास भएको पाँच वर्ष र घोषणा भएको १० वर्षसम्म काम अघि नबढेर परियोजना अलपत्र परेपछि धनीपुर्जा प्राप्त ८१३ बिघाको सबै जग्गामा औद्योगिक क्षेत्र बनाउन नसकिने हुँदा विवाद नहुने करिब ५ सय बिघामा बनाउने निश्कर्षमा सरकार पुगेको थियो ।

जिल्लागत रुपमा सबैभन्दा धेरै भूमिहीन र अव्यवस्थित बसोवासी भएका ७ जिल्लामध्ये दोस्रो धेरै भएका जिल्ला रुपन्देही हो । यहाँ करिब ८० हजार भूमिहीन र अव्यवस्थित बसोवासी परिवार छन् । जसमा ६० हजार परिवार अव्यवस्थित बसोवासी छन् ।

सबैभन्दा बढी भएको जिल्ला कैलालीमा १ लाख १० हजार बढी छन् । प्रदेशगत तथ्यांकअनुसार सात प्रदेशमध्ये सबैभन्दा बढी ३ लाख १ हजार ३४७ बढी परिवार भूमिहीन र अव्यवस्थित बसोवासी लुम्बिनी प्रदेशमा छन् ।

कोशी प्रदेशमा २ लाख ३१ हजार ९२२, मधेस प्रदेशमा १ लाख ६ हजार ९३, बागमती प्रदेशमा १ लाख २५ हजार २३६, गण्डकी प्रदेशमा ८६ हजार ९५९, कर्णाली प्रदेशमा ४८ हजार ८९९ र सुदूरपश्चिम प्रदेशमा २ लाख २३ हजार १९४ परिवार छन् ।

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रुपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६१७८९२७५,९८००७६०६२२



**बगरमा व्यावसायिक तरकारी खेती :**
दाङको लमही नगरपालिका-५ स्थित सेमरहवा, राप्ती नदीको बगरमा व्यावसायिक रूपमा गरिएको तरकारी खेती। तस्विर : रासस

बुद्धभूमिमा करुणाको नयाँ पाइलाः

# लुम्बिनीमा चू जी क्याम्पस, शिक्षादेखि स्वास्थ्यसम्मका सेवा सञ्चालन



**मोहम्मद हबिब**
*भैरहवा*

अन्तर्राष्ट्रिय बौद्ध मानवतावादी संस्था चू जीले बुद्ध जन्मभूमि लुम्बिनीमा आफ्नो सेवायात्रालाई नयाँ उचाइमा पुऱ्याउँदै चू जी लुम्बिनी क्याम्पसको सुरुवात गरेको छ। नेपालसँग तीन दशक लामो भावनात्मक र सेवामूलक सम्बन्ध रहेको यस संस्थाले पछिल्लो चार वर्षदेखि लुम्बिनी क्षेत्रमा गरेको गहिरो प्रतिबद्धताको परिणामस्वरुप यो स्थायी संरचना निर्माण भएको हो। यो सुरुवात केवल एउटा भवनको सञ्चालन मात्र नभई, वर्षौंदेखि स्थानीय समुदायसँग गाँसिएको विश्वास र सहकार्यको एउटा बलियो कडी बनेको छ।

नेपालसँग चू जीको सम्बन्ध सन् १९९३ को विनाशकारी बाढीपछि सुरु भएको थियो, जतिबेला संस्थाले राहत र आवास निर्माणमा ठूलो सहयोग पुऱ्याएको थियो।

त्यसयता सन् २०१५ को भूकम्प र कोभिड-१९ को विश्वव्यापी महामारीका समयमा पनि संस्थाले नेपाललाई निरन्तर साथ दियो। विशेषगरी कोभिडको समयमा १० वटा चार्टर्ड उडानमार्फत् अत्यावश्यक स्वास्थ्य सामग्री र सुरक्षा उपकरण उपलब्ध गराएर संस्थाले संकटको साथीका रूपमा आफूलाई उभ्याएको थियो।

सन् २०२२ देखि भने चू जीका स्वयंसेवकहरूले लुम्बिनी, कपिलवस्तु र काठमाडौंका विपन्न समुदायलाई लक्षित गरी शिक्षा, स्वास्थ्य र सीप विकासका कार्यक्रमहरूलाई थप सघन बनाएका छन्।

नयाँ सञ्चालनमा आएको लुम्बिनी क्याम्पसले स्वास्थ्य, शिक्षा र सञ्चारलाई एकीकृत रूपमा अगाडि बढाउने लक्ष्य राखेको छ। शिक्षातर्फ लुम्बिनी बुद्धिष्ट चुजी स्कुलले किन्डरगार्टेनदेखि कक्षा २ सम्मको शैक्षिक सत्र सुरु गरिसकेको छ, जसलाई निकट भविष्यमै कक्षा १२ सम्म विस्तार गरिनेछ। दीर्घकालीन रूपमा यहाँ प्राविधिक शिक्षालय र विश्वविद्यालय नै स्थापना गर्ने संस्थाको महत्वकाङ्क्षी योजना रहेको छ। स्वास्थ्यतर्फ, पहिले सानो कार्यालयबाट सञ्चालन हुँदै आएको निःशुल्क क्लिनिकलाई अब यही क्याम्पसबाट व्यवस्थित रूपमा सञ्चालन गरिएको छ भने ठूलो सुविधासम्पन्न अस्पताल निर्माणको काम पनि अघि बढिरहेको छ। यसका साथै, सकारात्मक सन्देश र सांस्कृतिक चेतना फैलाउन बोदी टिभी समेत क्याम्पस परिसरबाटै सञ्चालनमा आइसकेको छ।

चू जीले आफ्नो सबैभन्दा ठूलो उपलब्धिका रूपमा स्थानीयको बढ्दो सहभागिता र स्वयंसेवालाई लिएको छ।

कुनै समय सहयोगको आशामा बस्ने व्यक्तिहरू अहिले आफैं स्वयंसेवक बनेर अरूलाई सहयोग गर्न अग्रसर हुनुले समुदायमा सकारात्मक परिवर्तन आएको संस्थाको ठहर छ। संस्थापक धर्मा मास्टर चेङ यानको बौद्ध धर्मका लागि, सबै प्राणीका लागि भन्ने मूल मन्त्रलाई शिरोधार्य गर्दै दुःख कम गर्ने, शिक्षा दिने र मानिसलाई आत्मनिर्भर बनाउने बाटोमा संस्था अघि बढेको छ।

विश्वका १३९ देशमा सक्रिय रहेको यो संस्थाले नेपाल सरकार, स्थानीय निकाय र समुदायप्रति आभार व्यक्त गर्दै बुद्धभूमिमा करुणाको शक्तिलाई थप गहिरो गरी स्थापित गर्ने संकल्प गरेको छ। बुद्धप्रति सम्मान केवल श्रद्धामा मात्र सीमित हुनुहुँदैन, त्यो सेवा र शिक्षाका माध्यमबाट व्यक्त हुनुपर्छ भन्ने मान्यताका साथ चू जीले आगामी दिनमा पनि विनम्रता र दीर्घकालीन प्रतिबद्धताका साथ नेपालमा आफ्नो सेवा जारी राख्ने जनाएको छ। यो क्याम्पसको स्थापनासँगै लुम्बिनी क्षेत्रको समग्र विकास र विपन्न समुदायको उत्थानमा एउटा नयाँ अध्याय सुरु भएको छ।

# प्रेस स्वतन्त्रताको पक्षमा प्लेकार्ड प्रदर्शन



बुटवल। ३३औं विश्व प्रेस स्वतन्त्रता दिवसका अवसरमा बुटवलमा मानवअधिकार तथा शान्ति समाज रुपन्देही शाखाको आयोजनामा प्रेस स्वतन्त्रताको पक्षमा प्लेकार्ड प्रदर्शन गरिएको छ।

बुटवलको ट्राफिक चोकमा आयोजित कार्यक्रममा मानव अधिकारकर्मी, पत्रकार तथा विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरूले वर्तमान सरकार प्रेस स्वतन्त्रता प्रति जिम्मेवार हुन आग्रह गरेका छन्। प्रदर्शनमा शान्ति समाजका पूर्व केन्द्रीय सभापति गोविन्द खनाल प्रेस स्वतन्त्रतामा अन्कुश लगाउने कुनै पनि कार्य स्वीकार नहुने औल्याउँदै प्रेसलाई निरुत्साहित होइन, प्रोत्साहन गर्न सरकारसँग आग्रह गरे।

कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य रामराज पोखरेल नेपाल पत्रकार महासंघ रुपन्देही अध्यक्ष दिनेश पाण्डे, शान्ति समाज रुपन्देहीका पूर्व सभापति दिवाकर घिमिरे, बुटवल टुडेका प्रबन्ध निर्देशक नवराज कुँवर, शान्ति समाज रुपन्देही सभापति अर्जुन ज्ञवालीलगायतले सरकारले सरकारी सूचना नीजि मिडियालाई नदिने भनी गरेको निर्णयले सरकार प्रेस स्वतन्त्रताको पुष्टि भएको सुनाएका थिए।

सो अवसरमा प्रेस स्वतन्त्रतासहित मानवअधिकार तथा नागरिक स्वतन्त्रताको पक्षमा लेखिएका प्लेकार्ड प्रदर्शन गरिएको थियो।

पञ्चकन्या रूपन्देही सुपरलिगः

# लुम्बिनी खुकुरी ७ विकेटले विजयी




भैरहवा। भैरहवामा जारी 'पञ्चकन्या रुपन्देही सुपरलिग' 'ए' डिभिजनको आइतबारको खेलमा लुम्बिनी खुकुरी क्लबले सानदार जित निकालेको छ। मौसमका कारण २० ओभरमा छोट्याइएको खेलमा खुकुरीले तिरुपति क्रिकेट क्लबलाई ७ विकेटले हराउँदै जित हात पारेको हो।

जितका लागि पाएको ८० रनको झिनो लक्ष्य लुम्बिनी खुकुरीले १० ओभर ५ बलमा ३ विकेटको नोक्सानीमा पूरा गर्यो। उसको जितमा निश्चल चौधरीले अविजित २६, सन्दीप रजालीले नटआउट २०, शंकर रानाले १५ र समीर अली मुसलमानले १० रन जोडे। तिरुपतिका तुलबहादुर थापा २ र अपराजित पौडेलले १ विकेट लिए।

यसअघि भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको खेलमा टस हारेर ब्याटिङको निम्तो पाएको तिरुपतिले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर जम्मा ७९ रन बनायो। उसलाई सस्तैमा रोक्न खुकुरीका शाहव आलमले ३, बैतुल्लाह खान र अजयकुमार चौहानले २-२ तथा दुर्गेश गुप्ता र सेजाद आलम धोवीले १-१ विकेट लिए। तिरुपतिका आकाश त्रिपाठीले २७ र रौनक श्रीवास्तवले २४ रन बनाए पनि अन्य ब्याटरले दोहोरो अंकमा रन बटुल्न सकेनन्। खेलमा शाहब आलम प्लेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे।

रुपन्देही क्रिकेट संघको आयोजनामा जारी प्रतियोगिताको विजेता टिमले १ लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँका साथै ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन्।

यस्तै, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेस्ट बलर र उदीयमान खेलाडीले जनही ५ हजार र प्रत्येक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय रुपैयाँ प्राप्त गर्ने खेल संयोजक प्रथम पराजुलीले जनाए।

प्रतियोगितामा माउण्ट एभरेष्ट कत्था मिलले विजेता र विके ज्वेलर्सले उपविजेता पुरस्कारको प्रायोजन गरेका छन्। यसैगरी सिद्धार्थ उद्योग वाणिज्य संघ, होटल स्टार होलिडे, स्थानीय खेलप्रेमी रविकुमार रौनियार, प्रतीक ट्रेड लिंक र स्थानीय व्यवसायी अमितकुमार गुप्ताले पनि प्रतियोगितालाई प्रायोजन गरेका छन्।

# एक करोडमा वडा कार्यालय भवन निर्माण

ढोरपाटन। स्थापना भएदेखि हालसम्म जीर्ण भवनबाट सेवा प्रवाह गर्दै आएको जैमिनी नगरपालिका-३ को वडा कार्यालय भवन निर्माण गरिएको छ। एक करोड लागतमा तीनकोठे भवन निर्माण भएको हो।

लामो समयेखि सामुदायिक वन उपभोक्ता समितिको जीर्ण भवनबाट सेवा दिँदै आएको वडा कार्यालयको आफ्नै भवन सर्ने तयारी गरेको छ। स्थानीय कृष्णबहादुर छन्त्याल, चन्द्रबहादुर पाण्डे, इन्द्रकली पुन र मोहन पुनको परिवारले रु १० लाख मूल्य बराबरको १० रोपनी जमिन निःशुल्क रूपमा उपलब्ध गराएपछि भवन निर्माण गरिएको वडा अध्यक्ष कृष्णबहादुर भुजेलले जानकारी दिए।

"अहिलेसम्म आफ्नै भवन नहुँदा सामुदायिक वनको भवनबाट सेवा प्रवाह गर्दै आएका छौं, यहाँबाट सेवा प्रवाह गर्दा निकै समस्या भोग्नु पऱ्यो, अब आफ्नै भवनमा यही वैशाख २३ गते सर्ने गरी तयारी छ।"-उनले भने।

जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले सबै वडा कार्यालयलाई व्यवस्थित गरी सेवा प्रवाहलाई प्रभावकारी बनाइने बताए। अधिकांश वडाका भवन निर्माणाधीन छन्।

राम्रो घडेरी बिक्रीमा
तिलोत्तमा–१ शंकरनगर प्यारामाउण्ट स्कुलको पूर्वपट्टी उत्तरतर्फ २० फिट र पूर्वतर्फ २२ फिटको बाटोमा मोहडा पर्ने एक कठ्ठा जग्गा खरिद गर्न चाहनेले तुरुन्तै सम्पर्क गर्नुहोला।
सम्पर्क नम्बरः ९८०१८२७९५०

# स्याङ्जामा बीपीसीको सेवा अवरुद्ध

स्याङ्जा। बुटवल पावर कम्पनी (बीपीसी) को सेवा स्याङ्जाका केही क्षेत्रमा अवरुद्ध भएको छ। जिल्लाको वालिङ र भीरकोट नगरपालिकाका अधिकांश वडाहरुमा शनिबार रातिदेख विद्युत् सेवा अवरुद्ध भएको हो। कम्पनीले एक सूचना जारी गर्दै वालिङ स्थित मिर्दि सवस्टेशनमा जडान गरिएको पावर ट्रान्सफर्मरमा अचानक समस्या आई मर्मत गर्नुपर्ने भएकोले मर्मत नहुँदासम्मको लागि ११ के.भी. लाइनबाट वितरण भएको वालिङ र भीरकोट नगरपालिकाका क्षेत्रहरुमा विद्युत् आपूर्ति बन्द रहने भएको छ।

सवस्टेसनमा रहेको ट्रान्सफर्मरमा कसरी समस्या आयो भन्ने विषय भने कम्पनीले खुलाएको छैन। शनिबार राती मेघगर्जनसहित पानी परेको र ठुलो आवाजमा पट्किएकाले चट्याङका कारण ट्रान्सफर्मरमा समस्या आएको हुनसक्ने स्थानीयहरु बताउँछन्। कम्पनीले सकेसम्म छिटोभन्दा छिटो मर्मत कार्य सम्पन्न गरी विद्युत् सप्लाइ आपूर्ति गरिने जनाएको छ।

बीपीसीको गल्याङ शाखाका प्रमुख डोल खरेलका अनुसार ११ के.भी. प्रसारण लाइनको ट्रान्सफर्मर मर्मतका लागि बुटवल लैजानुपर्ने भएका कारण दुई दिनसम्म वालिङ र भीरकोट क्षेत्रमा विद्युत् सेवा अवरुद्ध हुने बताए। 'सवस्टेसनमा ठुलो समस्या आयो,' प्रमुख खरेलले भने-'वैकल्पिक ट्रान्सफर्मर नभएका कारण दुई दिन समस्या हुन सक्छ।' यसमा सर्वसाधरणमा पर्न जाने असुविधाप्रति कम्पनी क्षमाप्रार्थी माग्न चाहान्छ।'

दुईदिनसम्म विद्युत् अवरुद्ध हुँदा सरकारी कामको सेवा अवरुद्धदेखि टेलिफोन सेवा, घरेलु उद्योग धन्दा, बैंक वित्तीयलगायत विद्युतीय सञ्चार माध्यमहरु मर्कामा परेका छन्। बीपीसीका ट्रान्सफर्मरहरु बेला–बेलामा बिग्रिने गर्दा केही क्षेत्रमा विद्युत् सेवा अवरुद्ध हुँदै आए पनि लामो समय अवरुद्ध हुने यो पहिलो पटक हो।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ
न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही

विगत १५ वर्षदेखि
तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स
भएको भवन) फोनः- ०७१५४२५७१

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com